**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

# भजनी नगरपालिका, कैलाली

# स्थानीय राजपत्र


खण्ड : ३ संख्या : ६ प्रमाणीकरण मिति :- २०७६/०९/०१

प्रकाशन मिति :- २०७६/०९/१५


## भाग - २

## भजनी नगरपालिका आर्थिक सहायता मापदण्ड सम्बन्धी कार्यविधी २०७६

**प्रस्तावना :** यस भजनी नगरपालिकामा रहेका गरिब, विपन्न असहायहरु, विभिन्न रोगहरुबाट पिडित तथा ग्रसित दीर्घरोगी, दुर्घटना परेको, ठुलो शल्याक्रिया गर्नुपर्ने अवस्थामा रहेका व्यक्तिहरु र सामाजिक क्षेत्रमा क्रियासिल संघ सस्थाहरुसँगको सहायता तथा सहयोगको अपेक्षालाई व्यवस्थापन गर्न भजनी नगरपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १० को उपदफा २ बमोजिम भजनी नगरपालिका आर्थीक सहायत मापदण्ड सम्बन्धी कार्यविधी २०७६ बनाई नगर कार्यपालिकाको बैठकमा पेश गरेको छ ।

### परिच्छेद १ : प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भ** : (१) यो निर्देशिकाको नाम “भजनी नगरपालिका आर्थिक सहायता मापदण्ड सम्बन्धी कार्यविधी २०७६” रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले पारित गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(क) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनुपर्दछ ।

(ख) “नगरपालिका” भन्नाले भजनी नगरपालिकालाई सम्झनुपर्दछ ।

(ग) “कार्यपालिका” भन्नाले भजनी नगरपालिका नगर कार्यपालिकालाई सम्झनुपर्दछ ।

(घ) “कार्यालय” भन्नाले नगरकार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

(ङ) “आर्थिक सहायता” भन्नाले भजनी नगरपालिकाबाट प्रदान गरिने आर्थिक सहायतालाई सम्झनुपर्दछ ।

## परिच्छेद २ : आर्थिक सहायता सम्बन्धी मापदण्ड

**३. मापदण्ड** : नगरले प्रदान गर्ने आर्थिक सहायताको मापदण्ड देहाय बमोजिम हुनेछ ।

(१) दुर्घटनामा सहयोग मापदण्ड : नगरबासी कुनै ठुलो दर्घटनामा परि अंगभङ्ग हुन गई तत्काल उपचार गराउनु पर्ने अवस्था भएको तर गरिबी र विपन्नताका कारण पारिवारिक आर्थिक स्रोत नभएको अवस्थाका व्यक्तिलाई अवस्था हेरि एक पटकमा ५ हजार देखि १० हजारसम्म उपलब्ध गराउन सकिने छ ।

(२) दिर्घरोगीमा सहयोग मापदण्ड : नगरबासीहरुमध्ये (किड्नी फेल तथा डाईग्नेसिस गर्नुपर्ने अवस्था, मुटु उपचार, क्यान्सर, आदि) लागेको अवस्था भएको तर गरिबी र विपन्नतामा कारण पारिवारिक आर्थिक स्रोत नभएको, उपचार गराउन गराउन नसकी समस्यामा परेको व्यक्तिलाई अवस्था हेरि एक पटकमा ५ हजार देखि १० हजार सम्म दफा ५ अनुरुपको तोक आदेशबाट उपलब्ध गराउन सकिने छ । तर सो भन्दा बढी ३० हजार सम्म सहयोग गर्नुपर्ने अवस्था आएमा नगरकार्यपालिकाको बैठकबाट निर्णय गर्नु पर्नेछ ।

**४. संघ संगठन सहयोग मापदण्ड** : यस नगरपालिकामा स्थापना भएका, दर्ता भएका, सुचिकृत भएका र नगरपालिका क्षेत्रको हित अनुकुल हुने गरि दर्ता भएका संजाल र महासंघ प्रकृतीका संघ, संगठनले आयेजना गरेका सामाजिक कार्यहरुमा नगरपालिकाबाट देहाय बमोजिम आर्थिक सहायता प्रदान गरि सहकार्य गरिने छ । उक्त कार्यक्रमले जिल्ला तथा नगरको पर्यटन प्रबर्द्धन, नगरको विकास लगायतका क्षेत्रमा सकरात्मक प्रभाव पार्ने हुनु पर्नेछ । क्लब तथा संघ संस्थाहरुको बार्षिक साधारण सभा, वार्षिका नियमित कार्यमा सहयोग प्रदान हुने छैन ।

(१) नगरस्तरमा संघ संगठनले आयोजना गरको कार्यक्रममा कार्यक्रम हेरि एक पटक रु १ हजार देखि रु ५ हजार सम्म ।

(२) जिल्ला स्तरीय संघ संगठनले आयोजना गरेको कार्यक्रममा कार्यक्रम हेरि एक पटक रु १ हजार देखि ७ हजार सम्म ।

(३) प्रदेश स्तरका संघ संगठनले आयोजना गरेको कार्यक्रममा कार्यक्रम हेरि एक पटक रु १ देखि १० हजार सम्म ।

(४) केन्द्र स्तरको संघ संगठनले आयोजना गरेको कार्यक्रममा कार्यक्रम हेरी एक पटक रु ५ हजार देखि १५ हजार सम्म ।

**५. विशेष योगदान गरेका तथा फरक क्षमता भएका व्यक्ति तथा समुहलाई दिईने सहयोग मापदण्ड** : यस जिल्ला तथा देशभरमा ख्याती कमाएका, विज्ञान तथा खोज अनुसन्धानमा विशेष योगदान दिन सक्षम भएका, सहित्य तथा कला क्षेत्रमा योगदान पऱ्याउका तथा फरक क्षमता भै आर्थिक समस्यामा रहेका व्यक्ति तथा समुहलाई अवस्थाहेरी कार्यपालिकाको निर्णय बमोजिम बढीमा रु. ५०,०००।- (पचास हजार सम्म ) आर्थिक सहायता दिन सकिनेछ ।

## परिच्छेद ३ : आर्थिक सहायता र कोष

**६. आर्थिक सहायता भुक्तानी प्रक्रिया** : आर्थिक सहायताको भुक्तानी प्रक्रिया देहाय बमोजिम हुने छ।

(१) दफा ३ बमोजिमको आर्थिक सहायताको भुक्तानी गर्दा देहाय बमोजिम विवरण सहितको निवेदनमा नगरप्रमुख वा निजको अनुपस्थितमा का.वा. प्रमुखबाट तोकआदेश गरि प्रमुख प्रशासकिय अधिकृतले भुक्तानी दिनु पर्नेछ।

(क) व्यहोरा खुलेको निवेदन, नागरिकताको प्रमाणपत्रको फोटोकपी र सम्बन्धीत वडा कार्यालयको सिफारिस।

(ख) उपचारको हकमा अस्पतालले चेक जाँच गरेको कागजात।

(२) दफा ४ बमोजिम आर्थिक सहायताको भुक्तानी गर्दा संघ वा संगठनको अधिकारीक पत्र भएको हुनुपर्नेछ।

(३) सहायता रकम चेक मार्फत उपलब्ध गराउनुपर्ने छ।

(४) नगर सभाले विनियोजन गरेको बजेटको परिधी भित्र रहि एक व्यक्ति, संघ संगटनलाई एक पटक भन्दा बढी आर्थिक सहयोग गरिने छैन।

**७. सहायता सम्बन्धी बजेट व्यवस्थापन** : यस कार्यविधिको अधिनमा रहि खर्च गर्ने गरि वार्षिक रुपमा निश्चित रकम नगरसभाबाट विनियोजन भए बमोजिम आर्थिक सहायता उपलब्ध गराउनु पर्नेछ, उक्त रकम अपुग हुने अवस्थामा तपसिल बमोजिम खर्च लेख्न बाधा पुगेको मानिने छैन

(१) दुर्घटना तथा विपद राहत व्यवस्थापन सम्बन्धमा नगरपालिका वा वडा स्तरमा रहेको विपद व्यवस्थापन कोषबाट खर्च लेख्नुपर्नेछ।

(२) जटील/कडा किसिमका रोगहरु तथा दीर्घ रोगीको सम्बन्धमा नगरपालिकाको स्वास्थ्य सम्बन्धी कोष तथा कार्यक्रमबाट खर्च लेख्नुपर्नेछ।

(३) संघ संगठनहरुले गर्ने कार्यक्रममा सहयोग प्रदान गर्दा सकेसम्म सम्बन्धीत विषय क्षेत्रमा विनियोजित बजेट तथा कार्यक्रमबाट खर्च लेख्नुपर्नेछ।

(४) नगरपालिकाबाट सहयोग/सहायता गर्नुपर्ने कार्यक्रममा नगरपालिकाको विनियोजित बजेटबाट गर्ने गरि सहयोग कार्यान्वयन गर्दा सम्झौता/समझदारी पत्रमा हस्ताक्षर गरी सोको शर्तहरु बमोजिम गर्नुपर्ने छ।

(५) सहायता रकम यस मापदण्डमा उल्लेख भएभन्दा बढी भएमा नगर कार्यपालिकाको निर्णयबाट गर्नु पर्ने छ।

## परिच्छेद ४ : विविध

**८. सामाजिक सुरक्षा स्वरुप सहयोग :** (१) भजनी नगरपालिकामा स्थायी बसोबास भई वास्तविक उमेर बृद्ध भत्ता पाउने उमेर भनी तोकेको भन्दा बढी भएता पनि नागरिकता प्रमाणपत्रमा उमेर नपुगेका तर निजको सहोदर भाई, बहिनी, छोरा, छोरीको उमेर पुगी बृद्धभत्ता खाई रहेको सर्जिमिनबाट पुष्ट्याई भएमा त्यस्ता बृद्धबृद्धाहरुको वडाको सिफारिस र सर्जिमिन सहित निवेदन पेश हुन आएमा मासिक रु. ५००।- (पाँच सय मात्र) सामाजिक सुरक्षा भत्ता स्वरुप सहयोग गर्न सकिने छ।

(२) भजनी नगरपालिकामा स्थायी बसोबास भई ५० (पचास) वर्ष पुरा भएका एकल पुरुषलाई वडा कार्यालयको सिफारीस र वडा कार्यालयको सर्जिमीन मुजुल्का बमोजिम मासिक रु.५००।- (पाँच सय मात्र) सामाजिक सुरक्षा भत्ता स्वरुप सहयोग गर्न सकिने छ, तर निजले विवाह गरेको खण्डमा उक्त सुविधा स्वतः कट्टा गरिने छ ।

९. **कार्यविधी संसोधन** : यस कार्यविधीमा प्रचलित कानुनको प्रतिकुल नहुने गरि नगर कार्यपालिकाले संसोधन गर्न सक्नेछ ।

१०. **बाधा अडकाउ फुकाउने** : यस कार्यविधीको कार्यान्वयनमा कुनै बाधा अड्काउ आईपरेमा यसको बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा रहने छ ।

११. **यसै बमोजिम भएको मानिने** : यस अघि वितरण भएको आर्थिक सहायता तथा सहयोगलाई यस कार्यविधिले बाधा पुगेको मानिने छैन र भए गरेका कामहरु यसै कार्यविधी बमोजिम भए गरेको मानिने छ ।

१२. **खारेजी :** यस न.पा.को कार्यपालिकाको बैठकबाट स्वीकृत मिति २०७६।०२।१४ गते जारी गरेको आर्थिक सहायता सम्वन्धि मापदण्ड, २०७६ खारेज गरिएकोछ ।

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत